राष्ट्रिय मानव अधिकार आयोग
National Human Rights Commission of Nepal
केन्द्रीय कार्यालय (Central Office)
हरिहर भवन, पुल्चोक, ललितपुर (Harihar Bhawan, Pulchowk, Lalitpur, Nepal)

# प्रेस विज्ञप्ति

(आमसञ्चारका माध्यममा तत्काल उपयोगको लागि)

२०७४ वैशाख १४ गते

आयोगले देशव्यापी रूपमा निर्वाचनको अनुगमन गर्ने

## मानव अधिकारको सम्मान र संरक्षण गर्न सबै पक्षलाई आग्रह

राष्ट्रिय मानव अधिकार आयोगले आसन्न स्थानीय तह निर्वाचनको सन्दर्भमा निर्वाचनअघि, निर्वाचनको समय र निर्वाचनपश्चात् गरी तीन चरणमा मानव अधिकारको सुनिश्चितता सम्बन्धमा देशव्यापी रूपमा अनुगमन गर्ने भएको छ। आयोगका मानव अधिकार अधिकृत सहितको टोली यसै हप्तादेखि अनुगमनको लागि खटिने छन्।

टोलीले, राजनीतिकदलहरूले शान्तिपूर्वक भेला गर्न तथा विचार अभिव्यक्त गर्न पाएनपाएको, राजनीतिक गतिविधिमा बालबालिकाको प्रयोग भएनभएको सम्बन्धमा अनुगमन गर्नेछ। यसका साथै मतदाता शिक्षा तथा नागरिक सचेतनाको अवस्था, राजनीतिक दलद्वारा निर्वाचनको क्रममा हुन सक्ने मानव अधिकार हनन्, अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक, अल्पसंख्यक लगायत सबै नागरिकले भयरहित वातावरणमा मतदान गर्न पाउने अधिकारको सुनिश्चितता, 'स्थानीय तह निर्वाचन आचार संहिता, २०७३' मा उल्लिखित मानव अधिकार सम्बन्धी विषय, समग्र सुरक्षा स्थितिलगायतका विषयमा समेत टोलीले अनुगमन गर्नेछ।

निर्वाचनको अनुगमनका लागि आयोगका माननीय सदस्य तथा प्रवक्ता मोहना अन्सारीको संयोजकत्वमा मानव अधिकार अनुगमन तथा समन्वय समिति निर्माण गरिएको छ। निर्वाचन अनुगमन सम्बन्धमा आयोगका केन्द्रीय, क्षेत्रीय तथा उपक्षेत्रीय कार्यालयका कर्मचारीहरुलाई मानव अधिकारको दृष्टिकोणबाट अनुगमन गर्नकालागि अभिमुखीकरण कार्यक्रमसमेत सम्पन्न भैसकेको छ।

अतः कुनै पनि राजनीतिक विषयलाई समर्थन गर्ने वा नगर्ने राजनीतिकदल वा व्यक्तिको अधिकार भएपनि त्यसलाई हिंसात्मक एवम् ध्वंसात्मक नबनाउन तथा सर्वसाधारणको मानव अधिकारको सम्मान गर्न राजनीतिक दल तथा सरोकारवालाहरुसँग आयोग आग्रह गर्दछ।

मोहना अन्सारी
सदस्य/प्रवक्ता

फोन नं. ५०१००१५, फ्याक्स नं. ००९७७-१-५५४७९७३ पो.ब.नं. ९१८२ काठमाण्डौ, नेपाल
Phone: +977 1 5010015, Fax: +977 1 5547973, G.P.O. Box: 9182, Kathmandu, Nepal
Email: nhrc@nhrcnepal.org, Website: www.nhrcnepal.org